# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ११ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले - स्वस्थ समाजको निर्माणमा डॉक्टरहरु अनि शोधकर्ताहरुको ठुलो भूमिका रहेको बताउनुभएको छ ।

- जादवपुर विश्वविद्यालयमा छात्र संघद्वारा चुनावको मांगमा शुरू भएको आंदोलन अब राष्ट्र विरोधी गतिविधिहरुको पनि केंद्र बन्दै गैरहेको छ।

- मिरिकको थर्बु चियाबारीमा पहिलो टिपाईलाई लिएर अनिश्चितता यथावात रहेको छ।

- अखिल भारतीय गोर्खा विद्यार्थी महासङ्घ पुल बिजनबारी ब्लक कमिटीद्वारा- बिजनबारी डिग्री कलेजमा थप विभाग बढोत्तरीको लागि ज्ञापन पत्र चढाएका छन्।

- कालेबुङ विज्ञान केन्द्रमा आज एकैचोटि तिनवटा सुविधाहरु, क्रमैले भिआर, एआई आधारित बहुभाषी अडियो गाइड अनि न्युक्लियर ग्यालेरीको उद्घाटन गरिएको छ।

- बाँसबाटे चिलिङ प्लान्टदेखि स्याङ्बोसम्मको ४ किलोमिटर सडक मर्मती कार्य सुरु

## राष्ट्रपति-एम्स पंजाब

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ कि स्वस्थ समाजको निर्माणमा डॉक्टरहरु अनि शोधकर्ताहरुको ठुलो भूमिका छ। राष्ट्रपतिले आज पंजाबको बठिंडामा अखिल भारतीय आयुर्विज्ञान संस्थान -**एम्स** को प्रथम दीक्षांत समारोहमा यसो भन्नुभएको हो। उहाले एम्सका डॉक्टरहरुसित स्वस्थ जीवनशैली अपनाउने अनि असल खेतीको तरीकाहरुबारे जागरूकता बढ़ाउनको लागि कृषि अनि पर्यावरण विशेषगज्ञोंहरुको परामर्श द्वारा शोध गर्ने अपील गर्नुभएको छ। मानिसहरुलाई नशाको लत बाट हुने शारीरिक अनि मानसिक हानि बारे जागरूक गराउनु पर्ने राष्ट्रपतिले बताउनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले आध्यात्मिक अनि सामाजिक संगठनहरुको सहयोग द्वारा जन जागरूकता अभियान चलाउने आह्वान गर्नुभएको छ। राष्ट्रपतिले स्नातक डॉक्टरहरुलाई पदक अनि उपाधिहरु पनि प्रदान गर्नुभयो।

****** ० ******

## साइन्स सेन्टर - कालेबुङ

कालेबुङ विज्ञान केन्द्रले आज एकैचोटि तिनवटा सुविधाहरु, क्रमैले भिआर, एआई आधारित बहुभाषी अडियो गाइड अनि न्युक्लियर ग्यालेरीको उद्घाटन गरेको छ। कार्यक्रमको पहिलो चरणको आयोजना सेन्टरको प्रेक्षागृहमा गरियो। कार्यक्रममा मुख्य अतिथिको रूपमा सञ्चविर सुब्बा, डिपुटी चिफ एक्जिक्युटिभ, जिटिए उपस्थित थिए। उहाँले यस परियोजनाको लागि सेन्टरलाई बधाई साथै विद्यार्थी अनि आगन्तुकहरूले यी सुविधाहरूको प्रयोग मात्र नगरेर त्यसको संरक्षणमा आफ्नो सहभागिता जनाउनु पर्ने विषयमा पनि जोड दिनुभयो। सेन्टरका प्रमुख डा. बी.बी. गुरुङले साइन्स सेन्टरको स्थापनापछि बर्ष २०२२-मा मिरर र इमेज ग्यालेरीको सुरुवात गरिएको अनि यस वर्ष एकैचोटि तिनवटा सुविधाहरू आगन्तुकहरूको लागि सुरु गरिएको बताउनुभयो।

****** ० ******

**भाजपा- र्‍याली**

पश्चिम बंगालमा भाजपाले विधानसभा अध्यक्ष विमान ब्यनर्जीमाथि तृणमूल कंग्रेसको इशारामा विपक्षको आवाजलाई दमन गरेको आरोप लगाउँदै उहाँकै विधानसभा क्षेत्र बारूईपुरमा आगामी 19 मार्चमा र्‍याली निकाल्ने घोषणा गरेको छ। अध्यक्षले सदनमा तटस्थ भूमिका निर्वाह गर्नको सट्टा सत्ताधारी दलको हितमा काम गरिरहेको भाजपाको भनाइ छ । राज्य विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीको भनाई अनुसार भाजपाका विधायक हीरन च्यटर्जीलाई बोल्नदेखि त्येस समय रोकियो जतिबेला उहाँले सरकारको आलोचना गरे। यसभन्दा पूर्व,उहालाई अनि अन्य भाजपा विधायकहरूले ममता ब्यनर्जी सरकार अन्तर्गत बिग्रिदो कानून व्यवस्थाको मुद्दा उठाउँदा निलम्बित गरिएको उहाले बताउनुभयो ।

****** ० ******

**जादवपुर विश्वविद्यालय**

जादवपुर विश्वविद्यालयमा छात्र संघद्वारा चुनावको मांगमा शुरू भएको आंदोलन अब राष्ट्र विरोधी गतिविधिहरुको पनि केंद्र बन्दै गैरहेको छ । यहां आंदोलनको आड़मा कश्मीर अनि फिलिस्तीनलाई लिएर आपत्तिजनक ग्रैफिटीको प्रयोग गरिएको छ जसलाई लिएर विवाद उत्पन्न भएको छ । विश्वविद्यालय परिसरको गेट नंबर तीन नजिकको एउटा भित्तामा नारा लेखिए पछि राजनीतिक माहोल तात्तिएको छ । तृणमूल कांग्रेस समर्थित शिक्षकहरु अनि छात्र संगठनहरुले यसको विरोध गरे भने वामपंथी छात्र संगठनहरुले यसलाई लिएर सरकार माथि दमनकारी नीति अपनाएको आरोप लगाएका छन् । भित्तामा 'आज़ाद कश्मीर' अनि 'फ्री फिलिस्तीन' लेखिए पछि कैंपसमा विवाद शुरू भयो । विश्वविद्यालय प्रशासनलाई यसबारे जानकारी प्राप्त भएपछि यसबारे जांच शुरू गरियो । यसको पछि कसको हात छ ? त्यो अहिले सम्म स्पष्ट हुन सकेको छैन ।

****** ० ******

**मालदहमा पुलिसमाथि आक्रमण**

पश्चिम बंगालको मालदह जिल्लामा नाका चेकिंग अवधि पुलिसमाथि आक्रमण भएको घटना सामु आएको छ। हिज सोमवार मोथाबाड़ी क्षेत्रमा पुलिसले जाँच गरिरहेको समय केही युवकहरूले एउटा कारलाई वैध दस्तावेज नभएको आरोप लगाए, त्यसपछि यसको लाइभ भीडियो बनाउन शुरू गरे। पुलिसले उनीहरूलाई रोक्ने प्रयास गर्दा विवाद बढ्यो अनि झड़पमा मोथाबाड़ी थानाका एएसआई रेजाउल करिम घाइते भए। यस मामिलामा पुलिसले तीनजना आरोपीहरूलाई पक्राउ गरेको छ। आज पुलिसले सदा झैँ मोथाबाड़ीको गीता मोड़ क्षेत्रमा नाका जाँच गरिरहेको थियो। यसै अवधि एकजना युवकले पुलिसको कारबाहीको लाइभ भीडियो बनाउन शुरू गर्‍यो। एकजना सिभिक भोलन्टियरले उसलाई रोक्ने प्रयास गर्दा पुलिस र युवकहरूमाझ बहस तीव्र भयो। विवाद बढ़ेपछि उनीहरूले एएसआई रेजाउल करिममाथि आक्रमण गरे| मामिला बढ़ेको देखेर मोथीबाड़ी थाना प्रभारी भारी पुलिस बल सहित घटनास्थलमा पुग्यो। पुलिसले स्थितिलाई नियन्त्रण गर्ने प्रयास गर्यो, तर त्यतिन्जेल वातावरण तनाउपूर्ण भइसकेको थियो। पछि भायरल भएको भीडियोको आधारमा तीनजना आरोपीहरूलाई पक्राउ गरियो। यस घटनापछि राजनीतिक बहस शुरू भएको छ। हालैमा राज्यकी मन्त्री सबिना यास्मिनले एक बैठकमा पुलिसको भूमिकामाथि प्रश्न उठाउँदै भनेकी थिइन्, यदि पुलिसले अन्याय गरे सम्पूर्ण तृणमूल कमिटीले थाना घेराउ गर्नेछ।

****** ० ******

**एसएसबी- आठौं बहिनी**

एसएसबी आठौं बहिनीले नागरिक कल्याण कार्यक्रम २०२४-२५ अन्तर्गत सशस्त्र बलको आठौं बटालियनका ब्यूटीशियनको रूपमा तालिम प्राप्त गरेका ३५ जना युवतीहरूलाई ३० दिने तालिमपछि आज एक बिशेष कार्यक्रम बिच मिरिक महकुमा अधिकारी तेन्जिङ सेम्की अनि ८ औं कोरका कमाण्डेन्ट मितुल कुमारले प्रमाणपत्र प्रदान गर्नुभयो । ८औं कोरका कमाण्डेन्ट मितुल कुमारले सिमावर्ती गाउँका युवतीहरुलाई स्वालम्भी बनाउने उदेश्य राखेर यस प्रकारको कार्यक्रम गरिएको जानकारी गराउनुभयो । यस अवसरमा मिरिक अनि टिंगलिङको चार वटा स्कुलहरुलाई स्वच्छताबारे जागरुक गराउन डस्टबिन वितरण गरिएयो भने मेची गाउँ अनि टिङलिङ स्थित डाडा गाउँको लागि पानीको ट्याङ्की वितरण गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सडक - मर्मती**

रिम्बिक लोधोमा समष्टिको लोधोमा ग्राम पञ्चायत २ अन्तर्गत पर्ने बाँसबाटे चिलिङ प्लान्टदेखि गैरीगाउँ पिप्लीडाँडा हुँदै स्याङ्बो जिरोसम्म पुग्ने ४ किलोमिटर सडकको प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत मर्मती कार्य हिज सोमबार देखि सुरु गरिएको छ। समष्टि सभासद् तथा जिटिए पर्यटन विभाग प्रमुख नोर्देन शेर्पाको प्रमुख उपस्थितिमा विधिवत पूजा अर्चना अनि पण्डितको मन्त्र उच्चारणसँगै सडकको मर्मतीको कार्य सुरु गरिएयो ।

****** ० ******

**थर्बु- धरना**

मिरिकको थर्बु चियाबारीमा पहिलो टिपाईलाई लिएर अनिश्चितता यथावात रहेको छ। हिजोदखि चियबारीका श्रमिकहरु नौ बुँदे मागका साथ पहिलो टिपाई नगर्ने अडानमा अडिग छन। यसैक्रममा आज पनि चियाबारीको कारखाना परिसर तनावग्रस्त रहयो। श्रमिकहरुले गत बर्षको रहल चार प्रतिशत बोनस झट्ट दिइनु पर्ने, यस बर्ष पुजा बोनस एक किस्तीमा 20 प्रतिशतले दिनु पर्ने जस्ता मागहरु लिएर धरना दिइरहेका छन। हिजनै श्रमिक पक्षवाट नौ बुँदे मागका साथ ज्ञापनपत्र प्रबन्धक पक्षलाई सुम्पिए तापनि मालिक पक्षको सिधा हस्तक्षेप नभएको कारण श्रमिकहरु आक्रोशित छन। श्रमिक नेता किस्मत तामाङले धैरैवटा आधारभूत मागहरु सहित श्रमिकहरुले धरना गरिरहेको भन्दै मालिक अनि सरकारवाट हस्तक्षेपको माग गर्नुभएको छ । उहाँले, श्रमिकहरु टिपाईबाहेक अन्य काम गर्नको निम्ति सहमत रहेको पनि जानकारी दिनुभयो।

****** ० ******

**बिजनबारी डिग्री कलेज- ज्ञापन पत्र**

अखिल भारतीय गोर्खा विद्यार्थी महासङ्घ पुल बिजनबारी ब्लक कमिटीद्वारा बिजनबारी डिग्री कलेजमा थप विभाग बढोत्तरीका लागि ज्ञापन पत्र चढाएका छन्। महासङ्का अध्यक्ष दिपेश राई लगायत उपाध्यक्ष आर्यन राई सुजल राई, महासचिव राजिव राई अनि सहसचिव आशिष मङ्गरको एक टोलीले आज बिजनबारी डिग्री कलेज पुगेर महाविद्यालयका प्राचार्य लाई ज्ञापन पत्र बुझाएको महासङ्घका अध्यक्ष दिपेश राईले जानकारी दिएका छन् । बिजनबारी डिग्री कलेज पुलबिजनबारी ब्लकमानै एकमात्र कलेज भएको कारण क्षेत्रका विद्यार्थीहरू यसै कलेजमाथि अध्ययनको निम्ति निर्भर पर्दछन् । तर यस कलेजमा अझसम्म क्रमैले विज्ञान, भुगोल साथै गणित विषय नभएको कारण रिम्बिक लोधोमा, रेलिङ कैजले , चुङ्थुङ मेरीबुङ ,गोक लगायत विभिन्न क्षेत्रहरूबाट शिक्षा आर्जन गर्न आउँने विद्यार्थीवर्गले आफ्नो इच्छा अनुसारको विषयमा अध्ययन गर्न नपाएको धेरै गुनासोहरू उनीहरू समक्ष आइरहेको कारण महासङ्घले यस विषयमा कदम चाल्नु बाध्य बनेको अध्यक्ष राईले बताए।

****** ० ******

**बाहनमा आगलागी**

स्कूले बिद्यार्थीहरु सवार भएको बाहनमा आगो लाग्दा इलाकामा भाग दौड मचिएको समाचार छ | घटनाको केहि समय बित्ता नबित्दै बाहन पूर्ण रुपमा जलेर स्वाहा भयो | चालकको तत्परताले सबै बिद्यार्थी नानीहरुलाई सकुशल बाहनदेखि निकालियो | घटना प्रधान नगर थाना सिलिगुरी अंतर्गत देविडांगा इलाकामा आज अपराहन्न भएको हो |बताइएको छ कि देविडांगा स्थित एउटा स्कूलको बाहन स्कूले बिद्यार्थीहरुलाई छोड़नका निम्ति आइ रहेको समयमा चालकको दृष्टि बाहन बाट निक्लिन्दै गरेको आगोको झिल्कामाथि पर्छ| त्यस पछि चालकले फूर्तिको साथ सड़क किनारामा बाहनलाई खडा गरेर स्थानीय मानिसहरुको सहयोगमा बिद्यार्थीहरुलाई उतारी दिंदछ । दमकल आउनु भन्दा अगावै बाहन पूर्ण रुपमा जलेर खरानी हुन्छ| यता, घटना पछि अभिभावकहरुले स्कूल प्रबंधक माथि लापरवाहीको आरोप लगाएका छन् | प्रधान नगर थानाको पुलिसले घटनाको जांच शुरू गरेको छ ।

****** ० ******

**तारा सुन्दास**

कालेबुङमा पिउने पानीको समस्यालाई समाधान गर्न पाइप लाईन ठीक गर्नु पर्ने माकपा नेता तारा सुन्दासले सुझाव राखेका छन्। बर्ष २०१६ मानै विभागले सबै समस्या समाधान गर्ने वाचा गरेको भए आफुहरूले लोक अदालतबाट केश फिर्ता गरिएको बताएका छन् भने जनताको पक्षमा काम नभए कोर्ट जाने पनि उहाले बताउनु भएको छ ।

****** ० ******